# नेपाली कांग्रेस

## राष्ट्रिय भेला आयोजक समिति

मिति: २०८३/०४/२६

श्री केन्द्रीय कार्यसमिति,
नेपाली कांग्रेस,
केन्द्रीय कार्यालय, सानेपा, ललितपुर।

विषय: सर्वोच्च अदालतबाट निस्सा (पुनरावलोकनको अनुमति) जारी भएको हुँदा आगामी महाधिवेशन लगायत पार्टीका सम्पूर्ण निर्णयहरू यथास्थितिमा राख्न (रोक्न) अनुरोध गरिएको बारे।

महोदय,

प्रस्तुत विषयमा, नेपाली कांग्रेसको वैधानिकता र नेतृत्वको विवादका सम्बन्धमा यसअघि सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला उपर पार्टी सभापति श्री शेरबहादुर देउवा तथा कार्यवाहक सभापति श्री पूर्णबहादुर खड्काको तर्फबाट दर्ता भएको पुनरावलोकन निवेदनमाथि सुनुवाइ हुँदै सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०८३ साउन २२ गते उक्त मुद्दा दोहोर्याई हेर्ने अनुमति अर्थात "निस्सा" प्रदान भएको व्यहोरा सर्वविदितै छ।

सम्मानित सर्वोच्च अदालतले उक्त विवादित फैसलामा गम्भीर कानुनी त्रुटि रहेको औंल्याउँदै मुद्दालाई सुरुदेखि नै पुनः पूर्ण रूपमा निरूपण गर्ने गरी निस्सा प्रदान गरेसँगै नेपाली कांग्रेसको वैधानिकता र तत्कालीन नेतृत्वको कानुनी हैसियत पुनः गम्भीर रूपमा Judicial Review अवस्थामा पुगेको छ। अदालतबाट मुद्दाको अन्तिम किनारा नलागेसम्म साविककै संरचना र नेतृत्वको वैधानिकतामाथि कानुनी रूपमै प्रश्नचिह्न खडा भएको स्पष्ट देखिन्छ।

अतः यस्तो गम्भीर कानुनी र नीतिगत संक्रमणकालीन अवस्थामा पार्टीभित्र थप जटिलता र कानुनी संकट उत्पन्न नहोस् भन्नका लागि तत्कालीन महामन्त्री श्री गगन कुमार थापा ज्यू तथा सम्बद्ध पक्षलाई यो पत्रमार्फत हार्दिक अनुरोध गर्दछु ।

१) निर्णयहरू रोक्का गर्ने: पार्टीको आगामी १५ औं महाधिवेशन वा विशेष महाधिवेशन सम्बन्धी कुनै पनि सांगठनिक, प्राविधिक वा नीतिगत कार्यतालिकाहरू तत्कालका लागि स्थगित गरियोस्।

२) दूरगामी निर्णयहरू नगर्ने: अदालतको अन्तिम फैसला नआएसम्म पार्टीको तर्फबाट गरिने कुनै पनि दीर्घकालीन प्रभाव पार्ने नीतिगत, राजनीतिक, सांगठनिक वा आर्थिक निर्णयहरू पूर्ण रूपमा यथास्थितिमा राखियोस्।

टेलिफोन (Telephone): [illegible] E-mail: ncsamparka@gmail.com

३) विधिको शासनको सम्मानः सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मुद्दाको अन्तिम फैसला नभएसम्म सम्पूर्ण सांगठनिक संरचनाहरूलाई साविककै अवस्थामा राख्दै अदालतको गरिमा र कानुनी प्रक्रियालाई पूर्ण रूपमा सहयोग र सम्मान गरियोस्।

कानुनी राज्यको सिद्धान्त बमोजिम अदालतमा विचाराधीन मुद्दाको अन्तिम परिणामलाई असर पर्ने गरी कुनै पनि गतिविधि अगाडि नबढाउन यो कानुनी ध्यानाकर्षण पत्र पेस गरिएको छ। अन्यथा, अदालतको अवहेलना वा कानुनी प्रतिकूलता सिर्जना भएमा त्यसको जिम्मेवार सम्बद्ध पक्ष नै हुने व्यहोरा समेत अवगत गराइन्छ।

भवदीय,

प्रा.डा. शशांक कोइराला

..............................

पुर्व महामन्त्री, एवं नेपाली कांग्रेस राष्ट्रिय भेला संयोजक

बोधार्थ / ध्यानाकर्षणार्थः

१। श्री गगन कुमार थापा,

तत्कालीन महामन्त्री,नेपाली कांग्रेस।

२। नेपाली कांग्रेस, प्रदेश कार्यसमिति(सबै)।

३। नेपाली कांग्रेस, जिल्ला कार्यसमिति(सबै)।

४। नेपाली कांग्रेस, क्षेत्रीय कार्यसमिति(सबै)।

५। नेपाली कांग्रेस, प्रदेश क्षेत्रीय कार्यसमिति(सबै)।

६। नेपाली कांग्रेस, सम्बन्धित पालिका / वडा कार्यसमितिहरु (सबै)।

७। नेपाली कांग्रेस सम्बन्धित जनसम्पर्क समितिहरु (सबै)।

८। श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ।